**CDC Journal, Year 31, No. 45, December 2023, DOI: https://doi.org/10.3126/cdj.v31i45.68990**
**Received Date: December 30, 2023 Accepted Date: April 29, 2024**

# *नक्कली* कथामा वर्गीय शक्तिसम्बन्ध

**गुरूप्रसाद पोखरेल**
*पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि.*
***Email:*** *gurupokharel@gmail.com*

## लेखसार

*'नक्कली' कथामा तत्कालीन नेपाली समाजको वर्गयुक्त शक्तिसम्बन्ध र त्यसका आडमा निम्नवर्गमाथि गरिएको शोषक वर्गीय शक्तिसम्बन्धलाई देखाइएको छ । सर्वेक्षण, सूक्ष्म पठन तथा पाठविश्लेषणको विधि प्रयोग गरी समग्रमा विश्लेषणात्मक विधिमार्फत सामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको यस कथामा सांस्कृतिक अध्ययनअन्तर्गत वर्गीय शक्तिसम्बन्धको खोजी र विश्लेषण गरिएको छ । सीमान्तीकृत समुदायको निम्नवर्गीय आर्थिक अवस्थालाई देखाइएको यस कथामा ग्रामीण जीवनका निम्नवर्गीय पीडा, दुःख र सङ्घर्षको प्रस्तुति छ । सामन्त वर्ग र त्यसबाट उत्पीडित निम्नवर्गको प्रतिनिधित्व गराइएको यसमा उच्चवर्गीय सामन्त धर्मवीरले शोषक वर्ग र निम्नवर्गीय सन्तवीर तथा मानेले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । यस कथामा तत्कालीन समाजमा विद्यमान उच्चवर्गद्वारा स्थापित ज्ञान, सत्ता, शक्ति, प्रभुत्व, वर्चस्वकै कारण वस्तुको उत्पादन, उपभोग र वितरणका साधनमाथि उच्चवर्गीय अधीनस्थता रहेको हुनाले निम्नवर्गमाथि अमानवीय ढङ्गको अत्याचार, विभेद, शोषण, दमन र उत्पीडन भएको देखिन्छ । यसो हुनमा तत्कालीन समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचना नै मुख्य कारण हो । यसमा उच्चवर्गले निम्नवर्गमाथि उत्पीडनकारी र दमनकारी व्यवहार मात्र गरेको छैन चरम अधीनस्थ अवस्थामा पुर्‍याई सामाजिक प्रभुत्व पनि कायम गरेको छ । उच्चवर्गकै कारण निम्नवर्ग व्यक्तिगत र सामाजिक न्याय, श्रमको मूल्य र सत्तासम्बन्धबाट वञ्चित हुनगई चरम विभेद, शोषण, दमन र उत्पीडनमा परेको देखिन्छ । तत्कालीन सामन्ती विवर्शात्मक संरचनामा सामन्त वर्गको उच्चवर्गीय नाइके धर्मवीरको षड्यन्त्रमा सन्तवीरजस्ता निम्नवर्गीय गाउँलेहरू पर्नुपरेको छ । तत्कालीन वर्गयुक्त समाजमा एक वर्गले अर्को वर्गमाथि गर्ने विभेद, शोषण, दमन र उत्पीडनको स्वरूपलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको यस कथामा तत्कालीन सामन्तवादी/ पुँजीवादी वर्गयुक्त समाज र सामाजिक संरचना भएकै कारणले त्यस बेलाको विमर्शात्मक संरचना निम्न वर्गमाथि सत्ता र शक्तिको पहुँचका कारण शोषण गर्न कुन हदसम्म उद्धत थियो भन्ने कुरा देखाइएको छ ।*

**शब्दकुञ्जी :** *उच्चवर्ग, निम्नवर्ग, प्रभुत्व, वर्चस्व, सामन्तवादी विमर्शात्मक संरचना*

## विषयपरिचय

तत्कालीन नेपाली समाजमा विद्यमान विसङ्गति र अव्यवस्थाका कारणबाट मानिसहरूले भोग्नु पर्ने दुर्नियतिलाई यथार्थ रूपमा आफ्ना कथामा उतार्ने कृष्णवम मल्ल (१९७८-२०४०) सामाजिक यथार्थवादी कथाकार हुन् । उनका गुरूजीको मलामी (२००९) र देवता (२०१८) गरी दुईवटा कथासङ्ग्रह प्रकाशित छन् । गुरूजीको मलामी कथासङ्ग्रहमा सङ्कलित दसवटा कथामध्ये 'गुरूजीको मलामी' कथामा पारिवारिक, 'अन्तिम भेट'मा आमाको प्रेम, 'विपथ विद्राही'मा विद्रोह, 'जनसेनाको सिपाही'मा बलिदान, 'सन्तानको बोध'मा बहुविवाह, 'फटाहाको बाटो' मा जालझेल, 'शोभा र विनोद' मा स्वभाव, 'सीप' मा पारिवारिक द्वन्द्व, 'भूल' मा देहव्यापार, 'जीवन' मा गरिबी, 'हली' मा जातीय तथा 'बोनसका निमित्त' कथामा वर्गीय र देवता कथासङ्ग्रहमा सङ्कलित आठवटा कथामध्ये 'देवता' कथामा देवभक्ति, 'सिन्दुरको चाहना'मा बालविवाह, 'गोमा'मा अतृप्त प्रेम, 'भाइचाकी पत्नी'मा यौन दुर्वलता, 'नायव राइटरी'मा चाकरी प्रथा, 'नक्कली'मा वर्गीय, 'अप्रजातान्त्रिक प्रजातान्त्री'मा राजनीति र 'तेसू खोलो' कथामा वर्गीय समस्या जस्ता मुख्य विषयसन्दर्भ समेटिएको छ । यी कथामा सामाजिक सङ्कीर्णता, नारीजीवनमाथि उत्पीडन, अभावग्रस्तता, नेपाली ग्रामीण तथा सहरिया समाजका आर्थिक, सामाजिक, पारिवारिक, गरिबी, नारी तथा पुरूषका कलह, शोषण, दमन, अन्याय र अत्याचारजस्ता विविध सामाजिक तथा आर्थिक समस्याहरूको उद्घाटन गरिएको छ । यस अध्ययनमा मल्लको देवता कथासङ्ग्रहमा सङ्कलित 'नक्कली' कथा सोद्देश्य नमुना छनोट गरी विश्लेषण गरिएको छ । उक्त कथाको विभिन्न साहित्यिक दृष्टिकोणबाट अध्ययन गर्न सकिने भए तापनि यस लेखमा चाहिँ सांस्कृतिक अध्ययनको सिद्धान्त वर्गीय शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छ ।

सांस्कृतिक अध्ययनमा मानवसमाजमा रहेको व्यक्तिको अस्तित्व नै शक्ति मानिन्छ । शक्ति दमनकारी मात्र नभएर सिर्जनात्मक पनि हुन्छ । ज्ञान र सत्ताद्वारा शक्तिको निर्माण हुन्छ । शक्तिको प्रयोग प्रभुत्वशाली वर्गले समाजमा आफ्नो वर्चस्व कायम राख्नका लागि गर्दछ । शक्तिको केन्द्र व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग तथा राष्ट्रसमेत हुने गर्दछ । शक्तिले नै सत्यको निर्माण गर्छ र ज्ञान नै शक्ति बन्दछ । मानिसका लागि शक्ति आवश्यक छ । शक्ति समय, स्थान र परिस्थितिअनुसार परिवर्तन हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुने गर्छ । शक्ति कठोर र निष्ठुर पनि हुन्छ । समाजमा नयाँनयाँ शक्तिको जन्म हुन्छ । हाम्रो समाजमा पनि वर्गीय तथा जातीयजस्ता विभिन्न प्रकारका शक्तिहरू रहेका छन् । तीमध्ये शक्तिलाई व्यक्तिगत, जातिगत, वर्गगत, लिङ्गगत आदिका आधारमा विश्लेषण गरिन्छ । शक्तिकै केन्द्रका आधारमा समाजमा उच्च र शक्तिशाली वर्गले निम्न र कमजोरलाई अपहेलना गरेको देखिन्छ । वर्गीय शक्तिसम्बन्धले कृतिमा प्रस्तुत पुरूष र महिलाको वर्गसम्बन्ध, उच्चवर्ग र निम्नवर्गको मित्रतापूर्ण र शत्रुतापूर्ण सम्बन्धको खोजी गर्दछ । यसले सामाजिक संरचनामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व तथा निम्नवर्गप्रति उच्चवर्गद्वारा हुने उत्पीडनकारी, प्रभुत्वशाली र दमनकारी सम्बन्धको अवस्थालाई देखाउँछ । यसले कुनै पनि कृतिभित्र निम्नवर्गको मानसिक, शारीरिक, भौतिक क्रियाकलाप तथा अनुभूतिको प्रतिनिधित्व भएको छ कि छैन भन्ने कुराको खोजी र विश्लेषण गर्दछ । प्रस्तुत लेखमा शक्तिसम्बन्धसम्बन्धी ग्राम्ची, फुको, मिल्स

तथा लुक्सका अवधारणाहरूलाई मुख्य आधार बनाई मल्लको देवता कथासङ्ग्रहमा रहेको 'नक्कली' कथालाई सोद्देश्य नमुना छनोट गरी वर्गीय शक्तिसम्बन्धका आधारमा वस्तुगत विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

कृष्णवम मल्लको देवता (२०१८) कथासङ्ग्रहमा सङ्गृहीत 'नक्कली' कथामा निहित वर्गीय शक्तिसम्बन्धलाई ठम्याउनु नै प्रस्तुत अध्ययनको मुख्य विषय हो । प्रस्तुत अध्ययन पूर्णतः गुणात्मक भएकाले त्यसका लागि पुस्तकालयीय कार्यद्वारा सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ । यस अध्ययनका लागि सङ्कलित सामग्रीहरु प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । त्यसमध्ये मल्लको कथा 'नक्कली' प्राथमिक स्रोतको सामग्रीका रूपमा र शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यतालाई द्वितीयक सामग्राी स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीको पाठ विश्लेषण गर्ने सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययनअन्तर्गत समेटिने शक्तिसम्बन्धसम्बन्धी ग्राम्ची, फुको, मिल्स र लुक्सका अवधारणाहरु हुन् । शक्तिसम्बन्धअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली उत्पीडनकारी सामन्ती शासक वर्गले निम्नवर्गका जनतामाथि दमन र उत्पीडन गर्ने काम गर्छ । यसै सैद्धान्तिक अवधारणाका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ । समग्रतः यस लेखमा शक्तिसम्बन्धसम्बन्धी मान्यताका आधारमा मल्लको 'नक्कली' कथालाई सोद्देश्य नमुना छनोट गरी वर्गीय शक्तिसम्बन्धका आधारमा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधार

शक्तिसम्बन्धका विषयमा ग्राम्सी, फुको, मिल्स र लुक्सले आफ्ना अवधारणा प्रस्तुत गरेका छन् । ग्राम्चीको बल प्रयोग नगरी पनि समाजभित्रका विभिन्न समुदाय तथा वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ भन्ने प्रभुत्वसम्बन्धी, फुकोको विमर्श, ज्ञान र शक्तिबाट नै शक्तिसम्बन्ध प्रस्तुत हुन्छ भन्ने शक्तिसम्बन्धसम्बन्धी, मिल्सको कुलीनहरूको शक्ति संरचनासम्बन्धी र लुक्सको शक्तिका तीन आयाम निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति, र वैचारिक शक्तिसम्बन्धी मान्यताअन्तर्गत शक्तिसम्बन्धको अवधारणा प्रस्तुत भएको देखिन्छ । समाजमा रहेका वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृति तथा क्षेत्रीयताबीचको शक्तिको सम्बन्ध र सन्तुलन नै शक्तिसम्बन्ध हो । ग्राम्चीका अनुसार शासक वर्गले निम्नवर्गमाथि दमनकारी प्रभुत्व स्थापना गरी शासन गर्छ । प्रभुत्वले विचारधारामार्फत आफूअनुकूल संस्कार र चेतना निर्माण गरी मानिसमा आलोचनात्मक चेतना समाप्त पार्छ र उसले आफूमाथिको उत्पीडन तथा राज्यको शासनप्रणालीको दमनात्मक स्वरूपलाई वैधता प्रदान गर्छ (गिरी, २०७०, पृ. ३०) । प्रभुत्व त्यतिबेला प्राप्त हुन्छ जब उच्चवर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्दछन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउट साझा मान्यताको विकास गरिन्छ (पाण्डेय, २०७३, पृ. ६४) । राजनीतिक, आर्थिक,

सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली शासक वर्गले निम्नवर्गका जनतामाथि दमन गर्ने काम गर्छ भन्ने दृष्टिकोण नै ग्राम्चीको वर्चस्वसम्बन्धी मान्यता हो । सहमतिले नागरिक समाजका मानिसलाई सङ्गठित र एकत्व बनाउँछ तर बल प्रयोगका कारणले राजनीतिक शक्तिलाई उत्तरदायी बनाउँछ । मानवीय दमनको मूल स्रोत नेतृत्वमा हुने र राजनीतिक वर्चस्वको मूल स्रोतका रूपमा सरकार हुने हुँदा सत्ताधारी वर्गले आफ्नो सत्ता स्वार्थकै लागि पनि राजनीतिक नेतृत्वका रूपमा वर्चस्वको अभ्यास गर्ने गर्दछ (ग्राम्ची, सन् १९९६, पृ. ५७/५८) । प्रभुत्व भनेकै शासक हो । शासक वर्गले शासित वर्गमाथि कसरी आफ्नो नियन्त्रण कायम गर्छ र वर्चस्व स्थापना गर्छ भन्ने व्याख्या नै ग्राम्चीको मूल मान्यता हो । शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र विशेष गरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन, त्यसका लागि उसले सहमतिका आधारहरू तयार पार्छ र सहमतिबाटै वर्गीय दमनलाई स्थिर र प्रभावकारी बनाउँछ भन्ने धारणा ग्राम्चीको छ । यसका लागि उसले सञ्चार, विद्यालय र परिवारका माध्यमहरूको उपयोग गर्छ । यसैलाई ग्राम्चीले प्रभुत्व भनेका छन् (भट्टराई, २०७०, पृ. ३४४) । यसरी नजानिँदो ढङ्गबाट भित्रभित्रै शक्तिशाली शासकवर्गले गरिब जनतामाथि दमनकारी र शोषणजन्य शासन गरिरहने तथ्यलाई उनले प्रस्तुत गरेका छन् । ग्राम्चीका अनुसार प्रभुत्व एक किसिमको मानसिक दासता हो, जो मूलतः सत्ता निर्मित सांस्कृतिक संस्थाहरू र तिनका सम्प्रेषक वर्गहरूबाट प्राप्त हुन्छ (गिरी, २०७०, पृ. ३३) । ग्राम्चीका अनुसार जुनसुकै व्यक्ति, समुदाय वा निकायले आफ्नो प्रभुत्व कायम गर्न दमन वा सहमतिकै उपायको प्रयोग गर्छन् । फलस्वरूप प्रभुत्वशाली र प्रभुत्वमा आउन चाहनेका बीचमा सङ्घर्ष हुन्छ तर प्रभुत्व स्थायी हुँदैन । कुनै पनि समाजका व्यक्ति, वर्ग वा समूह सधैँभरि प्रभुत्वशाली हुन सक्दैनन् । जो प्रभुत्वशाली छ, उसको प्रभुत्व पनि सधैँभरि प्रभावशाली भइरहन सक्दैन । समाजमा एकै किसिमको प्रभुत्व स्थायी रूपमा रहन सक्दैन । यो अस्थायी हुन्छ । ग्राम्चीका अनुसार शक्तिशाली समूहले कमजोर र निमुखामाथि आफ्नो शासनसत्ताको प्रभुत्व कायमै राख्नका लागि बलको मात्र प्रयोग गर्दैनन्, सहमतिमार्फत पनि प्रभुत्व निर्माण र प्रयोग गर्छन् । उच्च वर्गले आफ्नो हैकम/प्रभुत्वलाई बल र सहमति दुवैको प्रयोगबाट कमजोर र निरीह वर्गमाथि आफ्नो वर्चस्व कायम गरिरहन्छ (श्रेष्ठ, २०६८, पृ. ४०) । यसरी शासक वर्गले पछाडि परेका/पारिएका समुदायको दमनका लागि कसरी नियम निर्माण गर्छन् र सांस्कृतिक मूल्य-मान्यताले कसरी आफ्नो वर्गको हितको रक्षा गर्छन् भन्ने कुरा नै प्रभुत्वको केन्द्रीय विषय बनेको देखिन्छ । उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक, सांस्कृतिक रूपमा नै बढी जोड दिएको हुन्छ (चैतन्य, २०७०, पृ. १५८-५९) । यसरी हेर्दा सामन्तवादी सामाजिक संरचना विद्यमान भएको समाजमा उच्चवर्गको निम्नवर्गमाथि सबै प्रकारको शोषण रहेको हुन्छ ।

फुकोले विमर्शात्मक संरचनासम्बन्धी धारणा प्रस्तुत गर्दै यसलाई भाषिक व्यवहारका सन्दर्भबाट अध्ययन गरेका छन् । विमर्शले भाषा र अभ्यास दुवैलाई एकत्व गर्छ र भाषाका माध्यमबाट भौतिक विषय र सामाजिक अभ्यासका आधारमा ज्ञानको उत्पादन गर्छ । वर्गीय हिसाबले उच्चवर्गले राष्ट्रिय लोकप्रिय प्रभुत्वको पक्षमा रहेको सङ्कीर्ण आर्थिक-कर्पोरेट स्वार्थमाथि विजय गराउन आफ्नो

विचारधारा प्रवाहित गर्छ । विचारधाराले हेजेमोनिक र काउन्टर–हेजेमोनिक ब्लकहरूको गठनमा सामाजिक सिमेन्टको रूपमा काम गर्दछ । वर्चस्व उच्चवर्गले निम्नवर्गमाथि थोपरिएको हुन्छ । वर्चस्व भनेको यस्तो अवस्था हो, जहाँ शासक वर्गका गुटहरूको ऐतिहासिक गुटले अधीनस्थ वर्गहरूमाथि सामाजिक अधिकार र नेतृत्वको प्रयोग गर्दछ (बार्कर, सन् २०१७, पृ. ७६) । विमर्शले ज्ञानलाई परिभाषित र उत्पादन पनि गर्छ । फुकोका विचारमा सत्यको स्वरूप कहिल्यै सार्वभौमिक हुँदैन र यो सदैव आंशिक, स्थानीय र परिवर्तनशील हुन्छ । मनुष्यको शरीर पनि सत्ताकेन्द्र हो र सत्ता व्यक्तिपरक हुनेहुँदा सत्ताको अध्ययन सार्वभौमिक वा राज्यमा मात्र नभई स्थानीय स्तरमा पनि हुन्छ । जोसँग ज्ञान छ, त्यो शक्तिशाली हुन्छ । उत्तरआधुनिक युगमा जोसँग ज्ञानात्मक सत्ता छ त्यसले नै सबैलाई अधीन गर्दछ भन्ने मान्यता फुकोको छ । सत्ताको अस्तित्व बलशाली भए पनि स्थानीय सत्ता नै ज्ञानको अवस्था हो । परम्परागत अर्थमा सत्ता थोपरिने प्रक्रिया हो भने फुकोका अर्थमा यो अभ्यास हो । त्यसैले यो दमनकारी वा हिंसात्मक हुनुपर्छ भन्ने जरूरी छैन बरू यो उत्पादक हुन सक्छ । सत्ता केन्द्रीय स्रोत मात्र होइन बरू तलबाट निर्माण हुने प्रक्रिया हो ।

फुकोका अनुसार शक्तिले 'साङ्लोको रूपमा काम गर्दैन', यो प्रवाहित हुन्छ । यसलाई एउटा मात्र केन्द्रले एकाधिकारका साथ प्रयोग गर्दैन । यो 'लागु गरिन्छ र जालो जस्ता संस्थाहरूमार्फत अभ्यासमा ल्याइन्छ ।' (फुको, सन् १९८०, पृ. ९८) यसको अर्थ हामी पनि केही हदसम्म शक्तिको प्रवाहमा समेटिएका छौँ । हामी दमनकारी र दमित दुवै हौँ । यो एकै स्रोत वा स्थानबाट माथिबाट तलतर्फ मात्र आएको हुँदैन । शक्ति र ज्ञानले एकअर्कालाई सङ्केत गर्छ । शक्तिको खेलको मैदान 'मुक्ति' द्वारा जितिएको हुँदैन, किनभने मुक्ति पहिले नै अधीनताको पक्षको रूपमा अवस्थित हुन्छ । फुकोले पहिचानको धारणा, र नियन्त्रण र नियमन विधिको रूपमा शक्तिको प्रयोगको व्याख्या गरेका छन् (फुको, सन् १९७७, पृ. २७/२८) । शक्तिसम्बन्धहरूले सबै वर्ग, जाति, लिङ्ग, अवधारणा, विचार, मान्यता जस्ता सामाजिक अस्तित्वका तहहरूमा काम गरिरहेका हुन्छन् । तसर्थ तिनीहरू सामाजिक जीवनका सबै क्षेत्रहरूमा काम गरिरहेका भेटिन्छन्, चाहे त्यो वर्ग, परिवार वा यौनिकता जस्तो निजी क्षेत्रमा होस् चाहे राजनीति, अर्थतन्त्र र कानुन जस्ता सार्वजनिक क्षेत्रमा होस् (हल, सन् १९९७, पृ. ३३/३६) । त्यसका अतिरिक्त शक्ति आफूले नियन्त्रण गर्न खोजेको कुरालाई दबाउने किसिमको नकारात्मक मात्र हुँदैन । यो उत्पादक पनि हुन्छ । यसलाई पुरै सामाजिक संरचनामार्फत सञ्चालित उत्पादनशील सञ्जालको रूपमा बुझ्नुपर्छ । (फुको, सन् १९८०, पृ. ५०, ११९) यसरी फुकोले विमर्शबाट सबै कुराको प्रतिनिधित्व हुने कुरा उल्लेख गरेका छन् । फुकोका विचारमा शक्ति एउटा क्षमता वा वस्तु होइन जो कुनै व्यक्ति वा संस्थामा निहित हुन्छ । यो त व्यक्तिहरूबीचको सम्बन्धको परिणाम मात्र हो र यसको अस्तित्व त्यतिबेला मात्र हुन्छ जतिबेला यसको अभ्यास गरिन्छ (पौडेल, २०७०, पृ. ९४) । यसरी समाजमा शक्तिको प्रयोगको अवस्था एउटा पिरामिडजस्तै माथिदेखि तलसम्म प्रवाहित भइरहन्छ भन्ने मान्यता देखिन्छ ।

मिल्सले संयुक्त राज्यमा रहेका कुलीनहरूको शक्ति संरचनाहरूको विश्लेषण गरेका छन् । उनले राजनीतिक, आर्थिक र सैन्य अभिजात वर्गहरूबीचको अन्तरसम्बन्ध केलाएका छन् । मिल्सका अनुसार

शक्ति अभिजात वर्ग ती हुन् जसले प्रभुत्वशाली देशको तीन स्तम्भ संस्थाहरु (राज्य सुरक्षा, आर्थिक र राजनीतिक) मा प्रमुख पदहरु ओगटेका हुन्छन् । अभिजात वर्गहरूका निर्णयहरूले परम्परागत कृषि र शिल्प अर्थतन्त्रलाई प्रतिस्थापन गरेको हुन्छ । उनीहरूले शक्ति एकीकृत गर्दै प्रत्येक सामाजिक संरचनाको प्रत्येक एकाइमा प्रवेश गरी नोकरशाही तन्त्र लाद्ने काम गर्छन् । निम्नवर्गमाथि राजनीतिक, आर्थिक र सैन्य प्रतिष्ठान सबै क्षेत्रमा दमनको डन्डा बर्साउँछन् (मिल्स, सन् १९५६, पृ. ५-७) । लुक्सले शक्तिका तीन आयामहरु प्रस्तुत गरेका छन् । ती हुन् : निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति, र वैचारिक शक्ति । निर्णय गर्ने शक्ति सार्वजनिक हो । यो राजनीतिक कार्य मार्फत प्रकट हुने नीति प्राथमिकताहरूमा केन्द्रित छ । गैर-निर्णय गर्ने शक्ति त्यो हो जसले बहसहरूमा एजेन्डा सेट गर्दछ र निश्चित मुद्दाहरूको वैधता सार्वजनिक फोरमहरूमा छलफलको लागि अस्वीकार्य बनाउँछ । वैचारिक शक्तिले मानिसहरूको इच्छा र विचारहरूलाई प्रभाव पार्न अनुमति दिन्छ । उनीहरूलाई तिनीहरूको आफ्नै स्वार्थको विरूद्धमा चीजहरु चाहन्छन् (लुक्स, सन् १९७४, पृ. १५-२५) । यसरी लुक्सका अनुसार निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति, र वैचारिक शक्तिका केन्द्रबाट वर्गीय सम्बन्धको खोजी गरिन्छ ।

सामाजिक संरचनामा हेर्दा समाजका विभिन्न वर्गहरूबीचको सम्बन्धलाई वर्गीय शक्तिसम्बन्ध भनिन्छ । वर्ग मानिसको त्यस्तो समूह हो जसमा एउटा समूहले सामाजिक अर्थव्यवस्थाको निश्चित पद्धतिमा आफ्नो स्थानको भिन्नतालाई बदल्दै दोस्रो समूहको श्रमको शोषण गर्दछ (लेनिन, सन् १९८५, पृ. ३३-३४) । यसरी मालिक र मजदुर, उच्चवर्ग र निम्नवर्ग, सामन्त र सर्वहारा वर्ग, साहु र नोकर, जमिनदार र किसान आदि विभिन्न सामाजिक वर्गहरूको बीचमा आर्थिक उत्पादनका लागि खास प्रकारको शक्तिसम्बन्ध हुन्छ । वर्गयुक्त समाजका दास र मालिक, किसान र सामन्त तथा सर्वहारा र पुँजीवादी वर्गका बीचको सम्बन्ध वैरभावपूर्ण सम्बन्ध हुन्छ भने निम्नवर्गीय मजदुर, किसान, नोकर आदिका बीचको सम्बन्ध वैरभावरहित हुन्छ । मूलतः वर्गीय शक्तिसम्बन्ध विषय, रूचि, अर्थ र आवासका आधारमा निर्माण गरिएको हुन्छ (पौडेल, २०७६, पृ. ३६) । समाजमा वर्गीय शक्तिम्बन्धलाई आर्थिक-सामाजिक, सांस्कृतिक, राजनैतिक आदि परिस्थितिले प्रभाव पारेको हुन्छ । उच्चवर्गले निम्नवर्गसँग र निम्नवर्गका मानिसहरूले उच्चवर्गका मानिसहरूसँग राख्ने समाजको सम्बन्ध मालिक र नोकर, मालिक र दास, सम्पन्न र विपन्नको आधारमा निरूपण गरिएको हुन्छ । समाजमा उच्चवर्गको मानिसले निम्नवर्गको मानिसलाई हेर्ने दृष्टिकोणको स्थापना भएको अवस्थामा वर्गीय शक्तिसम्बन्ध प्रकट हुन्छ (पौडेल, २०७६, पृ. ३५) । ज्ञान र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा माथि उठ्न नदिएर, आफूअनुकूल सामाजिक मूल्य खडा गरेर, निम्नस्तरको भाषा प्रयोग गरेर तथा शक्ति र श्रमलाई अवमूल्यन गरेर र निम्नवर्गलाई निरन्तर समस्यामा पारेर उच्चवर्गले निम्नवर्गमाथि अन्याय, अत्याचार, शोषण र दमन गरेको हुन्छ । त्यसैले शक्ति भन्नासाथ ज्ञान आउँछ, ज्ञान भन्नासाथ शक्ति यी दुईमध्ये एकले अर्कोलाई डोऱ्याएको हुन्छ (गौतम, २०७१, पृ. ११६) । वर्गीय शक्तिसम्बन्धअन्तर्गत समाजमा उच्चवर्गद्वारा निम्नवर्ग के, कुन, कति, कसरी र कस्तो अवस्थामा सधैँ शोषित, दमित, निमुखो र उत्पीडित बनाइन्छ भन्ने कुराको विश्लेषण गरिन्छ (ब्रेट्ली, सन् १९९६, पृ. २२१) । ज्ञान

र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा उठ्न नदिएर, निम्नस्तरको भाषा प्रयोग गरेर, सम्पत्तिका आधारमा स्तर निर्धारण गरेर, प्रभुत्वको प्रयोग गरेर, आफ्नो स्वीकृतिबिना गरेको कामलाई गलत देखाएर, अघोषित प्रतिद्वन्द्विता गरेर र आफूअनुकूल सामाजिक मूल्य निर्माण गरेर जस्ता आधारहरूबाट उच्चवर्गले निम्नवर्गमाथि उत्पीडन गरेको देखिन्छ । यसरी वर्गीय शक्तिसम्बन्धमा सत्ता र दमन, सत्ता र प्रतिरोध, सत्ता र लैङ्गिकता, सत्ता र ज्ञान तथा सत्ता र विचारधारा जस्ता कृतिमा प्रस्तुत पक्षको खोजी र विश्लेषण गरिन्छ । समग्रतः यस लेखमा माथि प्रस्तुत शक्तिसम्बन्धसम्बन्धी अवधारणाका आधारमा देवता कथासङ्ग्रहमा सङ्गृहीत 'नक्कली' कथामा अभिव्यक्त वर्गीय शक्तिसम्बन्धको वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## विश्लेषण र परिणाम

प्रस्तुत लेखमा कृष्णवम मल्लको देवता (२०१८) कथासङ्ग्रहमा सङ्कलित 'नक्कली' कथामा निहित उच्चवर्ग र निम्नवर्गबीचको अमानवीय, असन्तुलित र शत्रुतापूर्ण वर्गीय शक्तिसम्बन्धको खोजी र विश्लेषण गरिएको छ । वर्गीय असमानता, उच्चवर्गीय सामन्तवादी वर्चस्व र अधीनस्थता, निम्नवर्गीय दीनहीनता र पुँजीवादी चरित्रका कारण उत्पीडित निम्नवर्गका समुदायले भोग्नुपरेका सास्ती तथा त्यसबाट उत्पन्न कारुणिक जीवनदशालाई यी कथामा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा तत्कालीन विमर्शात्मक संरचनायुक्त सामन्ती समाजमा कुनै पनि शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ निम्नवर्गीय उत्पीडित समुदायको प्रतिनिधित्व गराइएको छ । यस अध्ययनमा सोद्देश्य नमुना छनोट गरिएको 'नक्कली' कथामा निहित वर्गीय शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।

## 'नक्कली' कथामा वर्गीय शक्तिसम्बन्ध

प्रस्तुत लेखमा 'नक्कली' कथामा प्रस्तुत वर्गीय शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । यस क्रममा शक्तिसम्बन्धअन्तर्गतका वर्गीय अन्तःसम्बन्ध, निम्नवर्गीय हित, वर्गचेतना, वर्गसङ्घर्ष र वर्गविभेद, शोषण, दमन र उत्पीडनलाई विश्लेषणको आधार बनाइएको छ ।

### *वर्गीय अन्तःसम्बन्ध*

कृष्णवम मल्लको देवता (२०१८) कथासङ्ग्रहमा सङ्कलित 'नक्कली' कथामा तत्कालीन नेपाली समाजमा विद्यमान वर्गीय भिन्नतालाई प्रस्तुत गरिएको छ । यसमा नेपालको मध्यपहाडी भूभागको विषम आर्थिक वर्ग र त्यसबाट सिर्जित नकारात्मक समस्यालाई मुख्य विषयवस्तु बनाइएको छ । यस कथामा निम्नवर्ग र उच्चवर्गबीचको द्वन्द्वको चित्रण गरिएको छ । यस कथामा निम्नवर्गको सोझो सन्तवीर र उच्च वर्गको सामन्त धर्मवीरलाई मुख्य पात्रको रूपमा प्रतिनिधित्व गराई तिनका क्रियाकलापको सजीव चित्रण गरिएको छ । तत्कालीन नेपाली समाजको वर्गयुक्त आर्थिक सम्बन्ध र त्यसका आडमा निम्नवर्गमाथि गरिएको शोषक वर्गीय सम्बन्धलाई देखाइएको यस कथामा

सीमान्तीकृत समुदायको निम्नवर्गीय आर्थिक अवस्थालाई देखाइएको छ । यहाँ निम्नवर्गीय आर्थिक अवस्थाको सन्तवीरमाथि उच्चवर्गीय धर्मवीरको उत्पीडनकारी सामन्ती सम्बन्धलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> सन्तवीरलाई देख्नासाथ धर्मवीरले गर्जेर भने -"तँ साहू मार्न चाहन्छस् ? जेठको भाकामा पैसा लिएर अब मङ्सिर देखाउँछस् । दया गरे, भैँसी लिएर नै तमसुक च्याती दिने निश्चय गरेँ । अब उल्टो भैँसी पनि दिन्न भन्छस् !" (पृ. ४१)

नेपाली समाजमा विद्यमान तत्कालीन वर्गीय सामाजिक संरचनायुक्त विमर्शमा सामन्त/उच्चवर्ग आफूबाहेक अरु कसैको पनि उन्नति भएको देख्न चाहँदैन । ऊ कसैले प्रगति गरेमा त्यसलाई जसरी पनि समाप्त पार्न खोज्छ । यस कथांशमा त्यस प्रकारकै सामन्ती उत्पादनसम्बन्धमा आधारित तत्कालीन समाजमा वर्गविभाजन, वर्गीय शोषण र दमनले निकै जरा गाडेर बसेको अवस्थालाई चित्रण गरिएको छ । यहाँ निम्नवर्गको सन्तवीरले एउटा भैँसी ल्याएर पालेको उच्चवर्गीय सामन्त धर्मवीरले देखी सहेको छैन । यसरी वर्ग विभेदयुक्त समाजका सबै गरिब तथा निम्नवर्गका मानिसका सबै प्रकारको गतिविधिको निगरानी उच्चवर्गले गरिरहेको हुन्छ भन्ने सन्दर्भ यसमा प्रस्तुत छ । उच्चवर्गको आफ्नो पूर्वस्वीकृतिबिना निम्नवर्गका कुनै पनि कार्यहरु अपेक्षित हुँदैनन् । यहाँ सन्तवीरले भैँसी पालेको कुरा धर्मवीरका निम्ति आश्चर्य र अपराध दुवै हुन्छ । यसरी निम्नवर्गका कार्यबाट उच्चवर्गको वर्चस्वमा खलल पुग्ने अवस्थालाई नियन्त्रण गर्न आफ्नो सम्पूर्ण तागत लगाई निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएर तीव्र शोषण गर्दछ ।

उच्चवर्गीय र निम्नवर्गीय सम्बन्ध प्रस्तुत गरिएको 'नक्कली' कथामा धर्मवीरले प्रभुत्व र वर्चस्वका केन्द्रमा सन्तवीरमाथि दमन गरेका कारण धर्मवीरको ऊसँगको वर्गीय सम्बन्ध ईर्ष्यालु, विभेदकारी र स्वार्थी किसिमको रहेको छ भने सन्तवीरको धर्मवीरसँगको सम्बन्ध आवाजविहीन, कमजोर र निम्सरो किसिमको वर्गीय सम्बन्ध देखिन्छ । कथामा धर्मवीरले भैँसी आफ्नो पार्ने कपटपूर्ण स्वार्थलाई यसरी प्रस्तुत गरेको छ : "बुझिस् मेरो लूटको धन होइन, एकएक पैसा पसिनाको धारा बगाएर कमाएको हुँ । तेरो अनुरोध यहाँ लाग्दैन । तैँले भैँसी दिनै पर्दछ ।"- साहूजीले उही रोबमा भने । (पृ. ४१) यहाँ उच्च वर्गीय सामन्त धर्मवीरले निम्नवर्गीय सन्तवीरले एउटा भैँसी पालेर त्यसैबाट परिवार पाल्ने योजनामाथि ईर्ष्या गर्दछ । ऊ गाउँकै निम्नवर्गीय कालेजस्ता पात्रलाई आफ्नो पक्षमा पारेर सन्तवीरको भैँसी हत्याउन प्रयासरत छ र त्यही उद्देश्य पूर्तिका लागि राम्रो भैँसीलाई आफ्नामा परिणत गराउने बल गर्छ । तत्कालीन वर्गयुक्त सामाजिक विमर्श भएको समाजमा उच्चवर्गले शक्ति र पहुँचका भरमा निम्नवर्गको स्थापित ज्ञानमाथि नै हमला गर्छ र आफ्नो स्वार्थ पूर्ति गर्छ । निम्नवर्गको स्थापित ज्ञान उच्चवर्गले खण्डित गराउँछ । यहाँ सन्तवीरको सारा सम्पत्ति मानिएको लैनो भैँसी धर्मवीरले शक्तिका भरमा निम्नवर्गीय काले लगाई मारिदिएको छ र सन्तवीरका परिवारको आशा निराशामा परिणत गरिदिएको छ । अरु निम्नवर्गका काले र गाउँलेहरुले पनि उच्चवर्गको शक्तिलाई नै स्वीकार गरेका छन् । यसरी वर्गयुक्त समाजमा उच्चवर्गीय प्रभुत्वकै छत्रछात्रामा ज्ञानको प्रमाणीकरण गरिन्छ र निम्नवर्गमाथि अत्याचार गरिन्छ ।

प्रस्तुत कथामा वर्गीय सम्बन्धको मुख्य आधार आर्थिक रहेको छ र त्यसलाई समाज, ज्ञान, शक्ति र परम्पराजस्ता अधिरचनाका अङ्गहरूले सहयोग पुऱ्याएका छन् । उच्चवर्गले आफ्नो प्रभुत्वलाई कायम राख्न निम्नवर्गमाथि प्रत्यक्ष दमन गर्दछ । यसमा धर्मवीर तत्कालीन विमर्शात्मक संरचनामा सामन्ती समाजको शोषक वर्गको प्रतिनिधि हो र उसले निम्नवर्गको सन्तवीरले एकपेट खान र एक आङ लाउन नपाउने अवस्थाको सिर्जना गरेको छ । सन्तवीरले पालेको राम्रो भैँसीलाई ऋण असुल्ने बहानामा षडयन्त्रमूलक ढङ्गले हत्याउने प्रयास गरेको छ तर दुर्भाग्यवश भैँसी कालेद्वारा मारिएको छ । धर्मवीरको यस किसिमको कार्यबाट सन्तवीर शोषित र पीडित बनेको मात्र छैन, निरीह, आवाजविहीन र कमजोरसमेत बनेको छ । यस कथामा सामन्त धर्मवीरको निम्नवर्गीय सन्तवीर, काले, नोकरमाथिको सामन्ती ढाँचाको सम्बन्धलाई यसरी प्रस्तुत गरिएको छ :

> सन्तवीरले भैँसी दिन्न भनेको सुनेर धर्मवीरको क्रोधको सीमा रहेन । आफ्नो आसामीले आफ्नो इच्छाको तिरष्कार गरेको उनी के सहन सक्थे ? उनले नक्कली फुकाएर ल्याउन नसक्ने काले गोठालोलाई हप्काए । उनी आफ्ना सबै नोकरहरूलाई निमकहराम सम्झन्थे । ती सबै उनका निम्ति पाजी थिए औ एकाएक नोकर दसदस रावणझैँ आफूलाई निल्न अगाडि बढेको उनलाई प्रतीत हुन्थ्यो । (पृ. ४०)

यहाँ उच्चवर्गीय धर्मवीरको कुटिल चाल तथा षडयन्त्रले निम्नवर्गको सन्तवरि, काले, गोठालालगायतलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएको हुनाले धर्मवीरको उनीहरूप्रतिको वर्गीय सम्बन्ध सामन्ती प्रकृतिको देखिन्छ । समग्रतः प्रस्तुत कथामा सामन्ती प्रकृतिको वर्गीय सम्बन्धलाई अभिव्यक्त गर्ने पात्र तथा तिनका क्रियाकलापको प्रतिनिधित्व गराइएको छ । दुःखकष्ट गरेर परिवार पाल्न निम्नवर्गले गरेको सङ्घर्ष उच्चवर्गका निम्ति आँखाको कसिङ्गर बन्छ । निम्नवर्गका उत्पादनका साधनमाथि उच्चवर्गकै हैकम र वर्चस्व हुन्छ । यस कथामा तत्कालीन सामन्तवादी उत्पादनसम्बन्धमा आधारित वर्गयुक्त समाजमा उच्च वर्गीय धर्मवीरको निम्नवर्गीय सन्तवीर र कालेमाथिको शोषण र दमन कति जर्वजस्त प्रकारको थियो भन्ने तथ्यको प्रकटीकरण गरिएको छ । यहाँ सन्तवीर आवाजविहीन बन्नु र बनाइनु सामन्ती आर्थिक सम्बन्धमा आधारित वर्गयुक्त समाजको परिणाम हो । असमान वितरण र सामन्ती सामाजिक परिपाटीका कारण सन्तवीर आर्थिक अभावले ग्रस्त हुनुपरेको छ । सामन्ती आर्थिक आधारले विकसित गरेको यो आर्थिक संस्कृतिको सहउत्पादलाई यस कथाले राम्ररी उद्घाटन गरेको छ । यसरी यस कथामा शोषक र शोषित वर्गीय सम्बन्धको प्रतिबिम्बन गर्ने शोषक वर्ग र शोषित वर्गका वर्गीय पात्रको प्रतिनिधित्व गराइएको छ ।

## *वर्गीय हित*

नेपालको मध्य पहाडी भूभागको ग्रामीण समाजलाई कार्यपीठिका बनाइएको 'नक्कली' कथामा ग्रामीण समाजमा भएका दुई भिन्न वर्गलाई प्रतिनिधित्व गराउँदै उच्चवर्गले निम्नवर्गमाथि आवरणमा रक्षकको रूपमा देखिएजस्तो गरेर चरम शोषण गरिरहेको तथ्य प्रस्तुत गरिएको छ । तत्कालीन सामन्ती उत्पादन सम्बन्ध भएको समाजमा उच्चवर्गले आफ्नो वर्गको हितका लागि सम्पूर्ण शक्तिको चौतर्फी

प्रयोगबाट निम्नवर्गलाई ज्ञान, शक्ति तथा आर्थिक अवस्था आदि जीवनका महत्त्वपूर्ण सबै क्षेत्रबाट सीमान्तीकृत बनाउँछ र आफ्नो प्रभुत्व कायम गरिरहन्छ । यस कथामा धर्मवीर आफ्नो वर्गको हितका लागि निम्नवर्गको शोषण र दमन गर्ने कार्यमा स्पष्ट छ । उसले गरिब सन्तवरिले पालेको राम्रो भैँसीमाथि आँखा मात्र गाडेको छैन, षडयन्त्रपूर्वक भैँसी हत्याउन खोजेको र नसक्दा मारेको छ र सन्तवीरको टुहुरो छोरालाई बिचल्ली बनाएको छ । धर्मवीरले आफ्नो स्वार्थका लागि सन्तवीरमाथि गरेको अमानवीय व्यवहारलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> तँ जस्ता साहूमाराको बिन्ती धर्मवीर सुन्दैन । खुसी राजी भएर भैँसी दिने भए दे । नदिने भए धर्मवीर भैँसी फुकाइ लैजाने छ । ...आफ्नो गोठालोका तिर हेरी धर्मवीर गर्जे- "सुनिस् साहूमाराको कुरो ! मेरो रूपियाँ यो पचाउन चाहन्छ "। ...तब धर्मवीरले भने- "के हेर्छस् फुका, नक्कली पाडी बोकेर हिँड् ।" (पृ. ४१)

प्रस्तुत कथांशका आधारमा हेर्दा उच्च वर्गीय धर्मवीरले निम्नवर्गीय सन्तवीरले लिएको ऋणमा भैँसी हत्याउने चेष्टा गरेर चरम शोषण गरेको देखिन्छ । शोषक वर्गीय प्रतिनिधि धर्मवीरले आफ्नो हितका लागि सन्तवीर र गोठालो कालेमाथि शोषण गरेको देखाइएको सन्दर्भले तत्कालीन सामन्ती समाजमा उच्चवर्गीय सामन्तहरूको दबाब र प्रभाव केकस्तो स्वरूपमा थियो भन्ने कुरा स्पष्ट भएको छ ।

प्रस्तुत कथामा उच्चवर्गीय धर्मवीरले आफ्नो वर्गीय हित/स्वार्थका लागि निम्नवर्गको सन्तवीरमाथि प्रहार गरेको छ र त्यस कार्यका लागि स्वयम् निम्नवर्गलाई नै साथमा लिएको छ । धर्मवीरले निम्नवर्गीय पात्र कालेलाई प्रयोग गरी आफ्ना पक्षमा र सन्तवीरका विपक्षमा माहोल बनाउँछ । सन्तवीरको लैनो भैँसीलाई फुकाइ आफ्नामा ल्याउन लगाउँछ तर भैँसी फुकाउन नसकेपछि कालेले हिर्काउँदा भैँसी मर्छ । त्यस कार्यका लागि कालेजस्ता निम्न वर्गीय पात्र प्रयोग गर्छ र आफ्नो भैँसी लैजाने स्वार्थी चाहना पूरा गराउन लाग्छ । तत्कालीन सामन्ती राज्यसत्ताको प्रतिनिधि धर्मवीरको गलत कार्यको बचावट गर्न निम्नवर्गहरु बाध्यात्मक परिस्थितिमा भए तापनि पछि पर्दैनन् ।

'नक्कली' कथामा निम्नवर्गले उच्चवर्गको हितका लागि कार्य गरेको पाइन्छ । यहाँ सन्तवीरको भैँसी फुकाउने सन्दर्भमा धर्मवीरले "ए काले तँ भैँसी फुकाउन सक्तैनस् ?" (पृ. ४२) भनेर सोधेको प्रश्नमा कालेले धर्मवीरलाई समर्थन गर्दै भैँसी फुकाउन अघि बढ्नु, भैँसीले हान्न खोज्दा कठबाँसले हानेर भैँसी मार्नु सामन्तको हितका लागि गरेका कार्य हुन् । कथामा निम्नवर्गीय पात्र गाउँले र गोठालाले पनि उच्चवर्गीय धर्मवीरकै हितमा कार्य गरेका छन् । यसरी यस कथामा निम्नवर्गले आफ्नो स्ववर्गको हितप्रतिकूल र उच्चवर्गीय सामन्तको हितअनुकूल व्यवहार प्रस्तुत गरेका छन् । यसरी तत्कालीन सामन्ती उत्पादनसम्बन्धमा आधारित वर्ग विभाजित समाजमा निम्नवर्ग उच्चवर्गकै चाकरीमा तल्लीन रहेको तथ्य यस कथाले राम्ररी उजागर गरेको छ । उच्चवर्गको निम्नस्तरको भाषा प्रयोगको व्यवहारबाट पनि निम्नवर्गहरु उत्पीडित र आवाजविहीन अवस्थामा रहेका छन् । आफ्नै वर्गको हित र रक्षामा लाग्न उच्चवर्गको शक्ति र ज्ञान बाधक थिए । यसरी सन्तवीरको लैनो भैँसी उच्चवर्गीय धर्मवीरको पार्न जान अन्जान सबै निम्नवर्गले सहयोग गरेका छन् । यहाँ काले, गोठाला

र गाउँलेको सचेत रूपको कार्यलाई वर्गीय विभेदकारी सामाजिक संरचनाको उपजका रूपमा लिन सकिन्छ । यस प्रकार नेपाली समाजको तत्कालीन विमर्शात्मक संरचनामा उच्चवर्गले आफ्नो हितका लागि निम्नवर्गलाई प्रयोग गरेर निम्नवर्गमाथि नै दमनको डन्डा बर्साउने अवस्था विद्यमान थियो भन्ने देखिन्छ । उच्चवर्गीय अधीनस्थताका कारण निम्नवर्ग उच्चवर्गको हितप्रतिकूल आवाज उठाउन असमर्थ थिए ।

## *निम्नवर्गीय चेतना*

'नक्कली' कथामा उच्चवर्गका सापेक्षतामा निम्नवर्गीय चेतना सशक्त रूपमा प्रकट भएको देखिँदैन । यस कथाको उच्चवर्गीय पात्र धर्मवीरमा उच्चवर्गीय चेतना प्रबल रहेको देखिन्छ । उसले आर्थिक, सामाजिक र मानसिक रूपमा निम्नवर्गको सन्तवीरलाई माथि उठ्न दिएको छैन । सन्तवीरले ऋण काढेर ल्याएर पालेको लैनो भैँसीमाथि आँखा गाडेर अनेक षड्यन्त्र रचेर भैँसी हत्याउने प्रयास गरेको छ । यस कथामा प्रभुत्वशाली वर्गको धर्मवीरमा उच्चवर्गीय सामन्ती शोषणको चेतना रहेको देखिन्छ । सन्तवीरले लैनो भैँसी पालेको देखेर ईर्ष्यालु भई भैँसीमा उसले आँखा गाडेको कुरालाई कथामा यसरी प्रस्तुत गरिउको छ : "उनी टिनका टिन घिउ बेच्न पनि पठाउँथे । त्यही घिउ बेच्ने लोभले उनी सन्तवीरको नक्कली आफ्नो गराउन चाहन्थे । हुन त आफ्ना गोठका अरु भैँसी पनि आसामीहरूकै उनले हात लगाएका थिए ।" (पृ. ४०) यसबाट उसले आफ्नो सामन्ती चरित्र प्रदर्शन गरेको छ । आफ्नो छत्रछायाँका निम्नवर्गले गरिखाएको देखिनसहने जलन उसमा देखिन्छ । यो तत्कालीन सामन्तवादी उत्पादन सम्बन्धद्वारा सिर्जित विमर्श हो, जहाँ उच्चवर्गकै हालीमुहाली हुन्छ, निम्नवर्ग सधैँ निरीह अवस्थामा रहनुपर्छ । उसको निम्नवर्गले गरिखाएको देख्न नसक्ने ईर्ष्यालु स्वभाव तथा सामन्ती चरित्रलाई कथामा यसरी प्रस्तुत गरिएको छ : उनले गर्जेर भने – "फेरि जा दिन्न भन्दैमा भैँसी नलिएर आउन तँलाई लाज लागेन ? तँख आफैँ भैँसी फुकाउन सक्तो होस् ।" (पृ. २७) यहाँ निम्नवर्गको उन्नति र प्रगतिका निम्ति धर्मवीर बाधक बनेको छ र उसमा निम्नवर्गमाथिको तीव्र शोषण, दमन र थिचोमिचोको चेतना प्रकट भएको देखिन्छ ।

'नक्कली' कथामा निम्नवर्गकै पात्रहरूको निम्नवर्गविरोधी र उच्चवर्गकै अन्धसमर्थन गर्ने चेतना अभिव्यक्त भएको देखिन्छ । यस कथामा आएका काले, गोठाला तथा गाउँलेस्ता निम्नवर्गका पात्रहरूका गतिविधिसमेत उच्चवर्गकै पक्षपोषणमा केन्द्रित रहेका छन् । धर्मवीरले सन्तवीरको भैँसी देखेपछि कालेलाई भैँसी लिन पठाउँछ र काले सन्तवीरकहाँ गई "साहू मान्ने छैनन्, भैँसी नै दिनु जाती होला" (पृ. ३९) भनेर निम्नवर्गको कालेले निम्नवर्गकै सन्तवीरको विपक्षमा र उच्चवर्गीय साहुको पक्षमा अन्ध समर्थनको चेतना प्रस्तुत गरेको छ । यहाँ उच्च वर्गीय अधीनस्थताका छत्रछायामा निम्न वर्गीय काले लाचार बन्न विवश छ । निम्नवर्गकै काले, गोठाला तथा गाउँलेले धर्मवीरकै रक्षा गर्ने चेतना प्रस्तुत गरेका छन् । यसरी तत्कालीन विमर्शात्मक संरचनामा उच्चवर्गद्वारा निम्नवर्ग अधीनस्थको कुन अवस्थासम्म थिए, उनीहरु सामन्ती सत्ताको संरचनाद्वारा सीमान्तीकृत अवस्थामा पुऱ्याइएका थिए र

ज्ञान, चेतना र शक्तिको पहुँचको अभावमा उनीहरु उच्चवर्गका गलत क्रियाकलापलाई पनि सहजै समर्थन गर्न बाध्य थिए भन्ने कुरालाई यसमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा उत्पीडित वर्गको सन्तवीरमा उच्चवर्गको हितप्रतिकूल चेतना पनि प्रकट भएको देखिन्छ । आफ्नो राम्रो लैनो भैँसीलाई ऋणको ब्याजमा उम्काउने सामन्त धर्मवीरको दाउ बुझेको उसले उच्चवर्गको प्रतिरोध गर्ने चेतना प्रस्तुत गरेको छ । सामन्त धर्मवीरले भैँसी लान मान्छे पठाउँदा निम्नवर्गीय सन्तवीरले यसरी प्रतिवाद गरेको छ : "मेरो भर्खर ब्याएको भैँसी साहूले चाहँदैमा म कसरी दिन सक्तछु ! साहूको मन हुन्थ्यो त मङ्सिरमै जब ऊ सुकेकी थिई तब माग्दा हुन् । मैले उसलाई खुवाएँ पालेँ, अब ब्याएपछि भैँसी माग्न पनि त साहूलाई लाज हुनुपर्ने हो ।" यहाँ उच्चवर्गीय धर्मवीरको आग्रहलाई निम्नवर्गीय सन्तवीरले अस्वीकार गरेको छ । तत्कालीन सामन्ती उत्पादन सम्बन्धमा आधारित सामन्ती समाजको स्वरुप नै नजानिँदो ढङ्गले घेरा हालेर निम्नवर्गमाथि राज गर्नु र चेतना र शक्तिबाट निम्नवर्गलाई विमुख गराइरहनु थियो तर त्यस्तो अवस्थाका विरूद्ध निम्नवर्गममा पनि भित्रभित्रै विद्रोहको भावना विकसित हुँदै गरेको अवस्था पनि देखिन्छ ।

***वर्गसङ्घर्ष***

'नक्कली' कथामा निम्नवर्गमा सङ्घर्षको चेतना उद्बोधन भएको देखिँदैन । सामन्ती उत्पादन सम्बन्धका कारण शक्तिहीन बनाइएका निम्नवर्गमा उच्चवर्गविरूद्ध लड्ने साहस प्राप्त भएको देखिँदैन । यस कथामा निम्नवर्गीय सन्तवीरमा उच्चवर्गीय धर्मवीरका विरूद्ध लाग्ने चेतना प्रकट भएको छैन, बरू धर्मवीरकै अधीनस्थता स्वीकार गरेर बस्न बाध्य भएको छ । सन्तवीरमा भैँसी लिन साहुको मान्छे काले आएपछि साहुका विरूद्ध बोल्ने साहस पलाएको छ । उसले भन्यो– "मेरा तर्फबाट हात जोडी भनेस् अहिले भैँसी दिए टुहुरो छोरो मर्ने छ । उसको मन रहने छैन । मङ्सिरमा साहूले चाहे रूपियाँ नत्र धान म बुझाउने छु । फरक पर्ने छैन ।" (पृ. २९) भनेर सन्तवीरले आफ्नो पीडा र दुःख व्यक्त गरेको छ । यो विचार पनि उसले बाह्य रुपमा प्रकट गर्न सकेको छैन ।

प्रस्तुत कथामा सामन्त धर्मवीर र कालेसँगको सन्तवीर र उसको छोरो मानेको अन्तर्विरोध आन्तरिक तहमा मात्र सीमित रहेको छ । धर्मवीरको उत्पीडनका विरूद्ध उनीहरु आवाज उठाउन असमर्थ छन् । उनीहरु उच्चवर्गीय धर्मवीरकै अधीनस्थता र वर्चस्व सहेर बस्न विवश छन् । सन्तवीर तथा मानेले धनीसँगको गरिब वर्गको अन्तर्विरोधको सन्दर्भलाई गरिबी र गरिबीको पीडाका रुपमा प्रस्तुत गरेका छन् । "साहूजी अन्याय नगर्नुहोस् म साहूमारा होइन । म तपाईँको एक एक कौडी चुकाउन चाहन्छु । तर मङ्सिर आउन दिनुहोस् ।" (पृ. ४१) भन्ने गरिब सन्तवीरको रोदन र पीडामा वर्ग सचेतता देखिँदैन तर शोषण र दमनविरोधी भावना अभिव्यक्त भएको देखिन्छ । यहाँ सन्तवीरको गरिबीको पीडामा रूमलिएको व्यथित विचारबाट अन्तर्विरोधी भाव प्रस्तुत भए तापनि सङ्घर्षमा परिणत हुने अवस्था देखिँदैन । उच्चवर्गीय विरोधी सन्तवीरको सङ्घर्षको चेतनालाई कथामा यसरी प्रस्तुत गरिएको छ : साहूले कड्केर भने - "शेखी नगर भैँसी लिएर नै जान्छु ।" सन्तवीरले पनि कराएर भन्यो - "मेरो सास छउन्जेल उहाँबाट नक्कली कोही हटाउन सक्तैन । साहूजी, गरिब छ सन्तवीर

भन्दैमा तिमी उसलाई हेपी लुट्न पाउन्नौ ।" यसरी उच्चवर्गीय धर्मवीरको शोषणविरूद्ध निम्नवर्गीय सन्तवीरमा विद्रोहको भावना प्रकट भएको पाइन्छ । यसले भविष्यमा उच्चवर्गको उत्पीडनविरूद्ध निम्नवर्ग सङ्गठित हुनसक्ने अवस्था सिर्जना भएको देखिन्छ ।

## *वर्गीय विभेद, शोषण, दमन र उत्पीडन*

'नक्कली' कथामा सन्तवीर गरिब तथा निम्नवर्गको भएकै कारण सामन्त धर्मवीरको विभेद, शोषण, दमन र उत्पीडनमा परेको छ । गाउँको उच्चवर्गको पात्र धर्मवीरले सन्तवीरमाथि भाषाप्रयोगजस्तो सामान्य क्षेत्रदेखि जीवनका सबै क्षेत्रमा शोषण गरेको छ । आफ्नो हैकम र प्रभुत्व स्थापित गर्न सफल ऊ निम्नवर्गले बाँच्ने आधार तयार पारेको देख्न सक्दैन । यहाँ धर्मवीरको चरित्र र स्वभाव हेपाहा खालको देखिन्छ । उसले नोकर कालेमाथि चरम उत्पीडन गरेको कुरा उसका यी भनाइले पुष्टि गर्छन् : उनले गर्जेर भने- "फेरि जा, दिन्न भन्दैमा भैँसी नलिएर आउन तत्लाई लाज लागेन ? तँ आफैँ भैँसी फुकाएर हिड्न सक्तो होस् ।" ... "तँलाई खुवाएर राखेको बेकार भयो । धिक्कार छ तेरो त्यो शरीरमा, उठा आफ्नो कठबाँसको डण्डा, हिँड् मेरा साथमा ।"- कड्केर धर्मवीरले भने । (पृ. ४०) गाउँको उच्च वर्गको सामन्त पात्र धर्मवीरले सन्तवीर र कालेमाथि काले, बजिया जस्ता अपमानबोधक शब्दबाट वर्गभेदको सिकार बनाएको छ । उच्चवर्गले आफ्नो उच्चतालाई सबै कोणबाट सुरक्षित गर्ने प्रयत्न गर्दछ । धर्मवीरले आफूलाई सबै कुराको केन्द्रमा राखेको छ । आफ्नो वर्षौंदेखि गरिबमाथि अत्याचार गर्ने बानीमा उसको कुनै परिवर्तन भएको छैन । उच्चवर्गको केन्द्रीयतामा खलल पुग्ने सबै कार्य उनीहरूका लागि प्रत्युत्पादक हुने हुँदा आफ्नो सर्वोच्चतालाई कायम राख्न उच्चवर्गले सधैँ निम्नवर्गलाई सीमान्तीकरणमा पुऱ्याई चरम वर्गविभेदजन्य व्यवहार गर्दछ (कोइराला, २०७३, पृ. ७८) । यसरी तत्कालीन सामन्ती उत्पादन सम्बन्धमा आधारित त्यस समाजमा वर्गविभाजन र वर्गीय शोषण, दमन र उत्पीडनको अवस्था निकै भयावह रहेको तथ्य धर्मवीरको सन्तवीर र कालेमाथि भएका विभेदजन्य व्यवहारले देखाउँछ ।

प्रस्तुत कथामा निम्नवर्गीय सन्तवीरको कार्य र प्रगतिबाट उच्चवर्गीय धर्मवीर ईर्ष्याभाव र मानसिक छटपटीमा गुज्रिएको छ । अनेक जालझेल र षडयन्त्रबाट निम्नवर्गीय सन्तवीरको आर्थिक शोषण गर्छ, राम्रो लैनो भैँसीलाई आफ्नो पार्न उद्धत हुन्छ । कथामा उसको सन्तवीरप्रतिको चरम शोषणलाई यसरी प्रस्तुत गरिएको छ : "तँ जस्ता साहूमाराको बिन्ती धर्मवीर सुन्दैन ... तेरो अनुरोध यहाँ लाग्दैन ...मेरो रूपियाँ यो पचाउन चाहन्छ (पृ. ४१) ...साहुमारा आफैँ छ अझ मलाई लुटेरा सम्झन्छ । ...बुझिस् नक्कली तेरि मरी मेरी होइन (पृ. ४२) । यहाँ प्रस्तुत कथांशबाट समाजमा उच्चवर्गले निम्नवर्गको खुशी देख्न चाहँदैन र सक्तैन भन्ने सामन्ती चिन्तनलाई बढवा दिएको तथ्य पुष्टि हुन्छ । गरिबको राम्रो लैनो भैँसीलाई अनेक षडयन्त्रद्वारा हत्याउने योजना बनाएको छ र त्यसका लागि अरू निम्नवर्गकै मानिस परिचालन गरेको छ । उसले निम्नवर्गको सन्तवीर र उसको छोरो मानेको खुसी हरण गरेको छ । यसमा उच्चवर्गको धर्मवीरले निम्नवर्गकै कालेको सहयोग लिएर निम्नवर्गको सन्तवीरमाथि चरम विभेद, शोषण, दमन र उत्पीडन गरेको छ ।

प्रस्तुत कथामा तत्कालीन नेपाली समाजका दुई भिन्न वर्गको प्रतिनिधित्व गराई उच्चवर्गले निम्नवर्गमाथि रक्षकको रूपमा देखिएजस्तो गरेर चरम शोषण र दमन गरेको देखाइएको छ । उच्चवर्गले सत्ता, शक्ति, आर्थिक हैसियत, ज्ञान आदि जीवनका सबै कोणबाट निम्नवर्गमाथि उत्पीडन गर्दछ । आफूलाई सधैँ केन्द्रमा राखी निम्नवर्गलाई किनारामै सीमित पारिरहन्छ । तत्कालीन सामन्ती उत्पादन सम्बन्धमा आधारित वर्गयुक्त समाजमा सम्पत्तिको असमान वितरण भएका कारण समाजमा वर्गीय असमानता र विभेदको अवस्था सिर्जना भयो । धनी सामन्त वर्ग गरिबको सम्पत्ति हडपेर हालीमुहाली भयो । गरिब वर्ग झन् गरिबको गर्तमा भासिँदै गयो । प्रस्तुत कथामा निम्नवर्गीय सन्तवीर र मानेको यस्तै कारूणिक अवस्थाको चित्रण गरिएको छ । उच्चवर्गीय धर्मवीरले ऊमाथि चरम वर्गशोषण गरेको छ । कथामा सन्तवीरले लैनो भैँसी पाल्दा धर्मवीर आश्चर्यचकित भई ईर्ष्याले जल्नु (पृ. ३९), आफूले त्यस्तो राम्रो भैँसी अहिलेसम्म पाल्न नसक्नु (पृ. ३९), निम्नवर्गको कालेलाई आफ्नो पक्षमा पारी भैँसी जबरजस्ती ल्याउन लगाउनु (पृ. ४०), भैँसी दिने उम्काउनलाई सन्तवीरमाथि गाली बर्साउनु (पृ. ४१), अन्तिममा भैँसी मारेर हिँड्नु (पृ. ४३) आदि घटनासन्दर्भ निम्नवर्गको सन्तवीरमाथि उच्चवर्गको धर्मवीरबाट भएका चरम शोषण, दमन र उत्पीडनका उदाहरणहरू हुन् । यहाँ सामन्त धर्मवीरका सम्पूर्ण उत्पीडनकारी क्रियाकलाप तत्कालीन विमर्शात्मक संरचनामा समाजबाट स्वीकृत विमर्शहरू नै हुन् । ऊमाथि समाजका कसैले पनि औँला ठड्याउन सकेका छैनन् । यसरी सामन्ती उत्पादन सम्बन्धमा आधारित तत्कालीन सामन्ती समाजमा विद्यमान वर्गविभेद, शोषण र दमनबाट सन्तवीर, माने तथा कालेजस्ता निम्नवर्गीय जनताहरू कतिसम्म चरम शोषित, उत्पीडित र अधीनस्थ थिए भन्ने तथ्यलाई यस कथामा राम्रोसँग प्रतिनिधित्व गराइएको छ ।

## निष्कर्ष

'नक्कली' निम्नवर्गीय आर्थिक समस्यामा केन्द्रित कथा हो । निम्नवर्गीय पात्रलाई प्रतिनिधित्व गराइएको यस कथामा निम्नवर्गमाथि उच्चवर्गीय शोषण र दमनको जबरजस्त स्वरूपलाई देखाइएको छ । शक्तिहीन सन्तवीरको लैनो भैँसी जालझेल र षड्यन्त्रका माध्यमबाट हत्याउने चेष्टा गरेको धर्मवीर तत्कालीन सामन्ती समाजको शोषक वर्गको प्रतिनिधि पात्र हो । उच्चवर्गीय धर्मवीरको रबाफ, हैकम र वर्चस्व खपेर आर्थिक अभावमा सन्तवीरको परिवार छटपटिएको मात्र छैन, साहुको दोहोरो ऋणको चक्रीय मारमा समेत परेको छ भने गरिबको शोषण गरेर धर्मवीर ऐसआराममा बसेको छ । शोषक र शोषित वर्गीय सम्बन्ध देखाइएको यसमा उच्चवर्गले आफ्नो वर्गीय हितका लागि निम्नवर्गमाथि शोषण गरेको छ । आफ्नो स्वार्थपूर्ति गर्न निम्नवर्गमाथि दमनको डन्डा बर्साउने उच्चवर्गीय चेतना प्रस्तुत भएको यस कथामा धर्मवीरका गरिबमारा कार्यहरू निन्दनीय छन् । उच्चवर्गका विरूद्ध सङ्घर्षको चेतना प्रस्तुत गर्न नसकेको सन्तवीर तत्कालीन सामन्ती समाजमा देखापरेको उत्पीडित, निरीह र आवाजविहीन पात्र हो । उसले सामन्ती शोषण र दमनलाई खुलस्त प्रतिरोध गर्न नसकी लाचार ढङ्गले भित्रभित्रै स्वीकार्नु परेको छ । तत्कालीन सामन्ती उत्पादन सम्बन्ध तथा आर्थिक आधार र उत्पादनका साधनमाथि एकलौटी कब्जा जमाएको गाउँको सामन्त धर्मवीरबाट गाउँकै गरिब र निमुखो

सन्तवीर र उसको परिवार चरम विभेदजन्य व्यवहारको सिकार मात्र भएको छैन, शोषण, दमन र उत्पीडनमा समेत परेको छ । यसप्रकार वर्गीय सामाजिक संरचना र वर्गशोषणको उत्कर्षस्वरूप प्रस्तुत गरिएको यस कथामा शोषक/उत्पीडक र शोषित/ उत्पीडित दुवै वर्गको प्रतिनिधित्व गराइएको छ । मार्क्सवादी वर्गसम्बन्धका दृष्टिकोणबाट हेर्दा धर्मवीरले उच्चवर्ग/शोषक वर्गको तथा सन्तवीरले निम्नवर्ग/शोषित वर्गको प्रतिनिधित्व गरेको देखिन्छ ।

**कृतज्ञताज्ञापन :** त्रिभुवन विश्वद्यिालयमा दर्ता भएको मेरो विद्यावारिधि तहको नेपाली विषयअन्तर्गत सामाजिक यथार्थवादी नेपाली कथामा प्रतिनिधित्व शीर्षकको अनुसन्धानका लागि विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरद्वारा मलाई विद्यावारिधि विद्वत्वृत्ति २०७६/०७७ प्रदान गरी अध्ययन र अनुसन्धानमा आर्थिक सहयोग प्रदान गरेकामा सोहीअनुरूप अनुसन्धानकार्यको अन्तिम मौखिक परीक्षा (भाइभा) तथा शोधकार्यसमेत सम्पन्न गरी शोधप्रबन्धसमेत पेस गरिसकिएको छ । प्रस्तुत लेख मेरो विद्यावारिधि तहको शोधप्रबन्धसँग सम्बन्धित रहेको छ । मलाई विद्वत्वृत्ति प्रदान गरी विश्वविद्यालय अनुदान आयोगले मेरो बौद्धिक उन्नयनमा पुऱ्याएको सहयोगप्रति म विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, नरेन्द्रप्रसाद (२०७३), "रमेश विकलका कथामा सीमान्तीयता", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गिरी, अमर (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', मोदनाथ प्रश्रित, (सम्पा.), *भृकुटी,* (सांस्कृतिक विशेषाङ्क १९), पृ. ११–४६ ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

चैतन्य, (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', मोदनाथ प्रश्रित, (सम्पा.), *भृकुटी,* (सांस्कृतिक विशेषाङ्क १९), पृ. १४२–१६५ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन ।

पौडेल, रामचन्द्र (२०७०), 'मार्क्सवाद र उत्तरसंरचनावाद : एक तुलनात्मक विश्लेषण', *प्रवर्तक,* (पूर्णाङ्क ३), पृ. ९२-९६ ।

पौड्याल, षडानन्द (२०७६), *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू, मोदनाथ प्रश्रित, (सम्पा.), *भृकुटी,* (सांस्कृतिक विशेषाङ्क १९), पृ. ३३४-३६४ ।

मल्ल, कृष्णवम (२००९), *गुरूजीको मलामी,* वनारस : नेपाली साहित्य मण्डल ।

मल्ल, कृष्णवम (२०१८), *देवता,* काठमाडौँ : नेपाल एकेडेमी ।

लेनिन, भ्लादिमिर (सन् १९८५), *सङ्कलित रचना भाग ६,* (अनु.) राजेन्द्र मास्के, काठमाडौँ : प्रगति प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न*, काठमाडौं : डिस्कोर्स पब्लिकेसन ।

Beteille, A. (1996). *Caste, Class, and Power* (Third Edition). New Delhi: Oxford University Press.

Barker, C. (2017). *Cultural Studies: Theory and Practice (*5th Ed). London: Sage Publication.

Foucault, M. (1977), *Discipline and Punish: The Birth of the Prison,* New York: Pantheon.

Foucault, M. (1980), *Power/Knowledge*. New York: Pantheon.

Gramsci, A. (1996), *Selections from the Prison Notebooks (*Hindi Edition), (translated by Hoare and Geoffrey Nowell Smith), Hyderabad: Orient Longman.

Lukes, S. (1974), *Power: A Radical View*. London: Macmillan Press.

Mills, C.W. (1956), *The power elite.* United States: Oxford University Press.

Hall, S. (1997), *Representation*. London: Sage Publication.